**(४) कुनै विद्युतीय अभिलेख उत्पत्तिकर्ताको हो भनेर मानिने आधारहरू के कस्ता रहेका छन् ?**

देहायका कुनै अवस्थामा कुनै खास विद्युतीय अभिलेख कुनै उत्पत्तिकर्ताको हो भनी मानिने व्यवस्था रहेको छ । यस्तो विद्युतीय अभिलेख प्रापकले त्यस्तो अभिलेख उत्पत्तिकर्ताको हो भन्ने कुरा मानी अन्य कार्य गर्ने अधिकार प्राप्त गर्दछ ।

(क) उत्पत्तिकर्ता आफैले त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरेको भएमा,

(ख) त्यस्तो विद्युतीय अभिलेखको सम्बन्धमा आवश्यक कार्य गर्न उत्पत्तिकर्ताको तर्फबाट अख्तियारी प्राप्त गरेको व्यक्तिले त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरेको भएमा,

(ग) उत्पत्तिकर्ता वा निजको तर्फबाट स्वचालित रूपमा सञ्चालन हुने गरी कार्यक्रम बनाइएको कुनै सूचना प्रणालीबाट त्यस्तो विद्युतीय अभिलेख सम्प्रेषण गरिएको भएमा ।

**(५) विद्युतीय अभिलेखको सम्प्रेषण तथा प्राप्ति स्वीकार गर्ने सम्बन्धमा ऐनले के कस्तो प्रक्रिया निर्धारण गरेको छ ?**

उत्पत्तिकर्ताले विद्युतीय अभिलेख पठाउँदाका बखत वा पठाउनु भन्दा अगावै प्रापकलाई सो विद्युतीय अभिलेख प्राप्त भएको कुराको सूचना वा भरपाई पठाउन अनुरोध गरेको वा त्यसरी सूचना वा भरपाई पठाउन प्रापक र उत्पत्तिकर्ताका बीचमा सहमति भएको अवस्थामा त्यस्तो विद्युतीय अभिलेखको प्राप्ति स्वीकार गर्ने देहाय बमोजिम हुने व्यवस्था ऐनमा रहेको छ :

- विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई कुनै खास ढाँचामा वा कुनै खास तरिकाबाट दिनु पर्ने गरी उत्पत्तिकर्ता र प्रापकबीचमा कुनै सम्झौता नभएको अवस्थामा प्रापकबाट स्वचालित वा अन्य कुनै किसिमको सञ्चार माध्यमद्वारा वा त्यस्तो अभिलेख प्राप्त भएको संकेत गर्न पर्याप्त हुने किसिमको प्रापकको कुनै व्यवहारद्वारा ।
- उत्पत्तिकर्ताले कुनै विद्युतीय अभिलेखको सम्बन्धमा त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्रापकबाट प्राप्त गरेपछि मात्र निजको हकमा त्यस्तो विद्युतीय अभिलेख बन्धनकारी हुने भनी उल्लेख गरेको अवस्थामा प्रापकबाट त्यस्तो विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्राप्त भएमा र उल्लेख नगरेको अवस्थामा उत्पत्तिकर्ता वा प्रापकबीच कुनै समय निर्धारण वा मञ्जुरी नभएको भए तोकिए बमोजिमको समयभित्र उत्पत्तिकर्ताले प्रापकबाट प्राप्तिको सूचना वा भरपाई प्राप्त गरिसकेको भएमा ।
- यसरी प्रापकबाट विद्युतीय अभिलेख प्राप्त भएको सूचना वा भरपाई प्राप्त नभएमा त्यस्तो विद्युतीय अभिलेख उत्पत्तिकर्ताले पठाएको मानिदैन ।



Question Bank Nepal

- विद्युतीय अभिलेखको प्राप्ति स्वीकार गर्ने अन्य प्रक्रिया तोकिए बमोजिम हुने व्यवस्था रहेको छ ।
- उत्पत्तिकर्ता र प्रापकबीच अन्यथा सम्झौता भएकोमा बाहेक कुनै विद्युतीय अभिलेख उत्पत्तिकर्ताको नियन्त्रणबाहिरको सूचना प्रणालीमा प्रवेश गरेपछि त्यस्तो विद्युतीय अभिलेखको सम्प्रेषण भएको मानिन्छ तर समय तोकिएको भएमा भने तोकिएबमोजिम सम्प्रेषण भएको मानिने ।
- अन्यथा सम्झौता भएकोमा बाहेक कुनै विद्युतीय अभिलेखलाई उत्पत्तिकर्ताको व्यवसाय सञ्चालन हुने स्थानबाट सम्प्रेषण गर्नु पर्ने र प्रापकको व्यवसाय सञ्चालन हुने स्थानमा प्राप्त हुनु पर्ने भनी मानिन्छ ।

**(६) विद्युतीय अभिलेखको प्रमाणिकरण तथा नियन्त्रण सम्बन्धमा ऐनले कस्तो व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।**

विद्युतीय कारोबार ऐनले यस ऐन बमोजिमको अभिलेख प्रमाणिकरण तथा यस सम्बद्ध कार्यहरूको नियन्त्रण गर्नका लागि एक जना नियन्त्रक नेपाल सरकारले तोक्ने व्यवस्था गरेको छ । सरकारले नियन्त्रकले गर्नु पर्ने काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उप-नियन्त्रक र अन्य कर्मचारीहरू खटाउन वा नियुक्ति गर्न सक्ने व्यवस्था ऐनमा रहेको छ । त्यस्तो नियन्त्रकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ :-

(क) प्रमाणीकरण गर्ने निकायलाई इजाजतपत्र प्रदान गर्ने,
(ख) प्रमाणीकरण गर्ने निकायको काम कारवाहीको सुपरिवेक्षण र रेखदेख गर्ने,
(ग) प्रमाणीकरण गर्ने निकायले डिजिटल हस्ताक्षरको सम्पुष्टि गर्ने सम्बन्धमा कायम गर्नु पर्ने स्तरहरू निर्धारण गर्ने,
(घ) प्रमाणीकरण गर्ने निकायले आफ्नो कारोबार सञ्चालन गर्दा पालन गर्नु पर्ने शर्त निर्धारण गर्ने,
(ङ) प्रमाणपत्रको ढाँचा र त्यसभित्र समाविष्ट हुनु पर्ने विषय वस्तुको निर्धारण गर्ने,
(च) प्रमाणीकरण गर्ने निकायले ग्राहकसँग व्यवहार गर्दा अपनाउनु पर्ने प्रक्रिया निर्धारण गर्ने,
(छ) प्रमाणीकरण गर्ने निकायले यस ऐन बमोजिम प्रकट गरेका सूचनाहरूको अभिलेख खडा गरी सार्वजनिक रूपमा पहुँचयोग्य हुने गरी कम्प्युटर तथ्याङ्क आधारको व्यवस्था गर्ने र सो तथ्याङ्क आधारलाई अद्यावधिक गर्ने,
(ज) तोकिए बमोजिमको अन्य काम गर्ने ।

विद्युतीय अभिलेखको प्रमाणिकरण गर्नको लागि छुट्टै निकायको परिकल्पना ऐनले गरेको छ । प्रमाणिकरणका लागि यो ऐन बमोजिम इजाजतपत्र प्राप्त गर्न नियन्त्रकको कार्यालयमा निवेदन गर्नुपर्ने व्यवस्था रहेको छ । नियन्त्रकले आवेदनको उपयुक्तताको विवरण अध्ययन गरी इजाजतपत्र दिन सक्ने व्यवस्था रहेको छ । यस्तो प्रमाणिकरण गर्ने

Question Bank Nepal

निकायले प्रमाणपत्र जारी गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने काम गर्न सक्दछन् । नियन्त्रकले प्रमाणिकरणका लागि निवेदन प्राप्त भएको २ महिनाभित्र प्रमाणिकरण सम्बन्धी इजाजत दिने वा नदिने निर्णय गर्नु पर्छ । यस्तो इजाजत पत्रमा सो को बहाली अवधि तथा पालना गर्नुपर्ने शर्तहरू समेत उल्लेख हुनु पर्दछ । तोकिएको अवधि समाप्त भएपछि इजाजत पत्रको नवीकरण समेत गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तो इजाजत पत्र प्राप्त गर्ने निकायले पेश गरेको कागजात वा विवरण र वित्तीय तथा भौतिक स्रोत फरक वा झुट्टा भएमा वा कारोवार सञ्चालन गर्दा पालन गर्नु पर्ने शर्तको पालना नगरेमा वा ऐन वा ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेको पाएमा नियन्त्रकले तत्सम्बन्धमा जाँचबुझ पूरा नभएसम्मका लागि प्रमाणीकरण गर्ने निकायको इजाजतपत्र निलम्बन गर्न सक्ने र छानविनबाट इजाजतपत्र रद्द गर्नुपर्ने कुनै कारण देखेमा सम्बन्धित निकायलाई सफाइको मनासिब मौका दिई इजाजत पत्र रद्द गर्न सक्ने व्यवस्था छ ।

**(७) विद्युतीय अभिलेख प्रमाणिकरण सम्बन्धमा नियन्त्रकलाई के कस्ता अधिकार प्राप्त छन् ?**

विद्युतीय अभिलेखको प्रमाणिकरणका सम्बन्धमा नियन्त्रकले प्रमाणिकरण गर्ने निकायलाई इजाजत पत्र प्रदान गर्ने, त्यस्तो निकायको नियमन गर्ने, काम कारवाहीको अनुगमन गर्ने, तोकिएका शर्तहरूको पालना नभएको भएमा पालना गर्न निर्देशन दिने, छानविन गर्ने, छानविनको क्रममा त्यस्तो निकायको इजाजतपत्र निलम्बन गर्ने, रद्ध गर्ने जस्ता अधिकार प्रयोग गर्न सक्छ । आफ्नो काम, कर्तव्य र अधिकार प्रयोगका सम्बन्धमा नियन्त्रकले आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार आफ्नो मातहतका कुनै अधिकृत कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्छ । यस्तो अधिकारको प्रयोग गर्दा नियन्त्रकले आँफै वा अन्य कुनै अधिकृत कर्मचारीद्वारा छानविन गर्ने वा गराउन सक्ने व्यवस्था रहेको छ । यस्तो जाँचबुझ गर्दा निर्धारित कार्यविधि अपनाउनु पर्दछ । यस्तै नियन्त्रकले प्रत्येक वर्ष प्रमाणीकरण गर्ने निकायको कार्य सम्पादनको परीक्षण गर्न गराउन सक्छ । कसैले यो ऐन वा ऐन अन्तर्गत बनेको नियमको उल्लंघन गरेको शङ्का गर्नु पर्ने मनासिब कारण भएमा कुनै पनि कम्प्युटर प्रणाली, उपकरण, यन्त्र, तथ्याङ्क, सूचना प्रणाली वा त्यस्तो प्रणालीसँग जोडिएको कुनै पनि सामग्रीमा पहुँच पाउने अधिकार नियन्त्रकलाई रहेको छ ।

नियन्त्रकले जारी गरेका सम्पूर्ण प्रमाणपत्रहरूको अभिलेख राख्नु पर्ने र यस प्रयोजनका लागि डिजिटल हस्ताक्षरको गोपनीयता र सुरक्षालाई सुनिश्चित गर्न नियन्त्रकले कम्प्युटर सुरक्षण प्रणाली उपयोग गर्ने, डिजिटल हस्ताक्षरको गोपनीयता र अखण्डतालाई सुनिश्चित गर्न सुरक्षण कार्यविधि लागू गर्ने, एवं तोकिए बमोजिमको स्तरको पालना गर्ने गर्नु पर्दछ । यस्तै सार्वजनिक साँचोहरूको एउटा कम्प्युटर प्रणालीमा आवद्ध कम्प्युटर तथ्याङ्क आधार अद्यावधिक गर्ने र डिजिटल हस्ताक्षर सम्पुष्टि गर्ने प्रयोजनको लागि सार्वजनिक साँचो उपलब्ध गराउन अनुरोध गर्ने कुनै पनि व्यक्तिलाई सार्वजनिक साँचो उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।



Question Bank Nepal

**(८) वद्युतीय कारोवार ऐनले डिजिटल हस्ताक्षर प्रमाणपत्र जारी गर्ने सम्बन्धमा गरेको व्यवस्था उल्लेख गर्नुहोस् ।**

यस ऐनले विद्युतीय कारोवारलाई व्यवस्थित गर्नका लागि नियन्त्रकको व्यवस्था गरेको छ । नियन्त्रकले विद्युतीय कारोवारको प्रामाणीकताका लागि डिजिटल हस्ताक्षरलाई मुख्य आधार बनाएको छ । यस्तो डिजिटल हस्ताक्षरमा तोकिएका न्यूनतम शर्तहरू पूरा गर्नका लागि त्यस्तो हस्ताक्षरलाई नियन्त्रकबाट प्रमाणिकरण गर्न इजाजत प्राप्त निकायबाट प्रमाणीत गरी प्रमाणपत्र जारी गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो डिजिटल हस्ताक्षर प्रमाणपत्र प्राप्त गर्न चाहने कुनै पनि व्यक्तिले तोकिएको ढाँचामा तोकिएको शुल्क तथा विवरणहरू समेत संलग्न गरी प्रमाणीकरण गर्ने निकायमा निवेदन गरेमा प्रमाणीकरण गर्ने निकायले तोकिए बमोजिमको कार्यविधि पूरा गरी निवेदन प्राप्त भएको एक महिनाभित्र निवेदकलाई प्रमाणपत्र जारी गर्ने वा नगर्ने भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने र निर्णयको सात दिनभित्र तोकिए बमोजिमको विवरण समावेश भएको प्रमाणपत्र जारी गर्नु पर्ने र प्रमाणपत्र जारी हुन नसक्ने भएमा सोको कारण सहितको सूचना सात दिनभित्र निवेदकलाई दिनु पर्ने व्यवस्था रहेको छ । यसरी दिएको प्रमाणपत्र प्राप्त गर्नेले अनुरोध गरेमा वा सार्वजनिक हित विपरित हुने अवस्था नियामक निकायले देखेमा वा प्रमाणपत्र जारी गर्दा पालना गर्नुपर्ने विषय पालना नभएको देखिएको कारणले त्यस्तो प्रमाणपत्रमाथि भर पर्ने व्यक्तिहरूमा उल्लेखनीय हानी नोक्सानी हुनसक्ने भनि नियन्त्रकले निलम्बन गर्न निर्देशन दिएमा त्यस्तो प्रमाणपत्र निलम्बन हुन सक्ने व्यवस्था छ । यस्तो प्रमाणपत्र निम्न अवस्थामा रद्द नै हुन सक्छ :

(क) प्रमाणपत्र प्राप्त गर्ने ग्राहक वा त्यस्तो ग्राहकको तर्फबाट अख्तियारी पाएको व्यक्तिले सो प्रमाणपत्र रद्द गरी पाउनको लागि अनुरोध गरेमा,

(ख) तोकिए बमोजिम सार्वजनिक हित विपरीत हुने अवस्थामा प्रमाणपत्रलाई रद्द गर्न आवश्यक भएमा,

(ग) ग्राहकको मृत्यु भएमा,

(घ) ग्राहक कुनै कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो सङ्गठित संस्था वा कम्पनी प्रचलित कानून बमोजिम दामासाहीमा परेमा, खारेजी वा विघटन भएमा,

(ङ) प्रमाणपत्र जारी गर्दा पूरा गर्नु पर्ने कुनै शर्त पूरा नभएको प्रमाणित भएमा,

(च) प्रमाणपत्रमा स्पष्ट पारिएको कुनै आधारभूत तथ्य झुट्टा प्रमाणित भएमा,

(छ) प्रमाणपत्रको विश्वसनीयतामा तात्विक रूपमा असर पर्ने गरी जोडी साँचो सृजना गर्न प्रयोग गरिएको साँचो वा सुरक्षण प्रणालीमा फेरबदल वा काँटछाँट गरिएमा ।

**(९) विद्युतीय कारोवार ऐन, २०६३ अनुसार विद्युतीय हस्ताक्षर प्रमाणपत्र प्राप्त गर्ने व्यक्ति वा ग्राहकको लागि के कस्तो काम कर्तव्य र अधिकार तोकिएको छ ?**

यस ऐनको दफा ३५ देखि ३८ सम्ममा व्यवस्था भए अनुसार प्रमाणीकरण गर्ने निकायबाट जारी भई ग्राहकद्वारा स्वीकार गरिएको प्रमाणपत्रमा सूचीकृत गरिनु पर्ने



Question Bank Nepal

सार्वजनिक साँचो समावेश भएको जोडी साँचो ग्राहकले नै सृजना गर्नु पर्ने भएमा सुरक्षित एसिमेट्रिक क्रिप्टो सिस्टमको प्रयोग गरी साँचो सृजना गर्नुपर्ने, सो बाहेक ग्राहक र प्रमाणीकरण गर्ने निकायका बीचमा कुनै सम्झौता भएको वा प्रमाणीकरण गर्ने निकायले कुनै खास प्रणालीलाई स्वीकृत गरेको अवस्थामा त्यसरी सम्झौता भएको वा स्वीकृत गरेको सुरक्षण प्रणाली प्रयोग गर्नु ग्राहकको कर्तव्य हुने व्यवस्था रहेको छ। यस्तै ग्राहकले प्रमाणपत्र स्वीकार गरेपछि सो प्रमाणपत्रमा उल्लेख भएको कुनै सूचनामाथि भर पर्ने व्यक्तिलाई प्रमाणपत्रमा सूचीकृत गरिएको सार्वजनिक साँचोसँग सङ्गति राख्ने निजी साँचो धारण गर्ने अख्तियारी दिने तथा प्रमाणपत्र प्राप्त गर्ने सिलसिलामा ग्राहकले प्रमाणीकरण गर्ने निकायलाई उपलब्ध गराएको सम्पूर्ण सूचना तथा जानकारी सही र दुरुस्त भएको तथा प्रमाणपत्रमा समाविष्ट भएका सूचनासँग सम्बद्ध सबै तथ्यहरू सत्य भएको, र जानेबुझेसम्म प्रमाणपत्रमा उल्लेख भएका सूचना सत्य र दुरुस्त भएको सुनिश्चित गर्नुपर्दछ। त्यस्तो साँचो सुरक्षित राख्नुपर्ने, साँचोसम्बन्धी सूचनामा परिमार्जन भएमा सो को जानकारी प्रमाणीकरण निकायलाई दिनुपर्ने, नियन्त्रकले निर्देशन दिएमा निजी साँचो नियन्त्रक समक्ष दाखिला गर्नुपर्ने जस्ता कर्तव्यहरू ग्राहकका लागि तोकिएका छन्।

**(१०) विद्युतीय कारोवार ऐनले सरकारी तवरमा विद्युतीय अभिलेख र डिजिटल हस्ताक्षरको प्रयोग के कसरी हुन सक्ने व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस्।**

- यस ऐनको परिच्छेद ७ को दफा ३९ देखि ४१ सम्म विद्युतीय अभिलेख र डिजिटल हस्ताक्षरको सरकारी प्रयोगका सम्बन्धमा निम्नानुसारका व्यवस्था रहेको छ।
- सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय विद्युतीय रूपमा समेत प्रकाशन गर्न सक्ने,
- सरकारी निकाय, सार्वजनिक संस्था वा नेपाल भित्र कारोवार गर्ने बैंङ्क वा वित्तीय संस्थाले सृजना गर्ने वा सुरक्षित राख्नुपर्ने अभिलेखहरू विद्युतीय रूपमा गर्न सक्ने र त्यस्तो अभिलेखलाई कानुनी मान्यता हुने,
- यस्ता निकायहरूले प्रचलित कानुन बमोजिम आफू समक्ष पेश हुने कुनै कागजात र भुक्तानी हुनु पर्ने रकमलाई विद्युतीय स्वरूपमा वा विद्युतीय सञ्चारमार्फत भुक्तानी लिन दिन सक्ने र त्यस्तो कार्यले कानुनी मान्यता प्राप्त गर्ने,
- विद्युतीय स्वरूपमा कागजातहरू स्वीकार गर्न वा विद्युतीय स्वरूपमा भुक्तानी लिन दिन नतोकिएका निकायका हकमा विद्युतीय कारोवार बाध्यकारी नहुने,
- सरकार, सरकारी निकाय, सार्वजनिक संस्था वा नेपालभित्र कारोवार गर्ने बैंङ्क तथा वित्तीय संस्थाहरूको विद्युतीय कारोवारका लागि अपनाउनु पर्ने कार्यविधि, प्रक्रिया तथा ढाँचा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने,

Question Bank Nepal

- कुनै कागजात वा अभिलेखको प्रामाणिकताको लागि सम्बन्धित अधिकारीको हस्ताक्षर हुनेपर्ने व्यवस्था भएकोमा नेपाल सरकारले सो को सट्टा डिजिटल हस्ताक्षर गर्न सक्ने गरी व्यवस्था गर्न सक्ने,
- सरकारले त्यस्तो डिजिटल हस्ताक्षरको प्रमाणीकता र सत्यताको लागि थप सुरक्षण कार्यविधि तोक्न सक्ने,
- यस्ता निकाय वा संस्थाले प्रयोग गर्ने डिजिटल हस्ताक्षरको सम्बन्धमा प्रमाणीकरण गर्ने निकाय र डिजिटल हस्ताक्षर प्रमाणपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने ।

**(११) विद्युतीय कारोवारको सम्बन्धमा नेटवर्क सेवा प्रदान गर्नेको लागि के कस्तो दायित्व तोकिएको छ ?**

- विद्युतीय कारोवार सम्बन्धी ऐनेले नेटवर्क सेवा प्रदान गर्नेको रूपमा आफ्नो सेवा उपलब्ध गराउने मध्यस्थकर्ताहरूले आफूले त्यसरी उपलब्ध गराएको सेवाका सम्बन्धमा देहाय बमोजिमको दायित्व व्यहोर्नु पर्ने व्यवस्था गरेको छ ।
  - (क) सेवा प्रदान गर्ने सम्बन्धमा ग्राहकसँग भएको सम्झौतामा उल्लेख भएको दायित्व,
  - (ख) नेटवर्क सेवा प्रदान गर्नेको इजाजतपत्रमा उल्लेख भएको दायित्व, र
  - (ग) तोकिए बमोजिमको अन्य दायित्व ।
- तर नेटवर्क सेवा प्रदान गर्नेले विद्युतीय स्वरूपमा उपलब्ध गराएको तेस्रो पक्षको सूचना वा तथ्याङ्कको सम्बन्धमा त्यस्तो सूचना वा तथ्याङ्कमा पहुँच उपलब्ध गराएको कारणबाट मात्र सो सूचना वा तथ्याङ्कमा उल्लेख वा समावेश भएको कुनै तथ्य वा विवरणको सम्बन्धमा उत्पन्न हुने कुनै फौजदारी वा देवानी दायित्व व्यहोर्नु नपर्ने व्यवस्था रहेको छ । तर विद्युतीय कारोवार ऐन वा अन्तर्गत बनेको कुनै नियमको उल्लंघन गरेको छ भन्ने जानी-जानी त्यस्तो सूचना वा तथ्याङ्कमा पहुँच उपलब्ध गराउने नेटवर्क सेवा प्रदान गर्ने व्यक्ति वा संस्था भने त्यस्तो दायित्वबाट मुक्त नहुने व्यवस्था ऐनले गरेको छ ।

**(१२) विद्युतीय कारोवार ऐनले कम्प्युटर सम्बन्धी कसुर भनेर के कस्ता क्रियाकलापलाई उल्लेख गरेको छ ? यस्ता कसुरमा कस्तो सजाय हुने व्यवस्था गरेको छ ?**

विद्युतीय कारोवार ऐनले निम्न क्रियाकलापहरूलाई कम्प्युटर सम्बन्धी कसुरको रूपमा उल्लेख गर्दै यस्तो कसुरमा संलग्न हुनेलाई निम्नानुसार सजाय हुने व्यवस्था गरेको छ ।

Question Bank Nepal

| कसुर | सजाय |
| --- | --- |
| कम्प्युटर स्रोत संकेतको चोरी, नष्ट वा परिवर्तन गर्ने: कसैले जानी जानी वा बदनियत राखी कम्प्युटर सोर्स कोड चोरी, नस्ट वा परिवर्तन गरे वा गर्न लगाएमा | तीन वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय |
| कम्प्युटर सामाग्रीमा अनधिकृत पहुँच : कम्प्युटरको धनी वा जिम्मेवार व्यक्तिबाट अख्तियारी नलिई प्रयोग गरेको वा अख्तियारी प्राप्त भए विपरित कुनै कार्य गरे गराएमा | दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय |
| कम्प्युटर र सूचना प्रणालीमा क्षति पुऱ्याउने : कम्प्युटर प्रणालीमा रहेको सूचनालाई कुनै व्यहोराबाट नस्ट गरेमा, क्षति पुऱ्याएमा, हेरफेर गरेमा, काम नलाग्ने बनाएमा वा सूचनाको मूल्य वा प्रयोगको महत्व कम गराएमा | दुई लाख रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय |
| विद्युतीय स्वरूपमा गैरकानुनी कुरा प्रकाशन गर्ने : कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरूमा कानुनले रोक लगाएका वा सामाजिक सदाचार खलल पार्ने प्रकारका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने वा गराउने | एक लाख रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय । सोही कसुर पटक पटक गरेमा अघिल्लो पटक को डेढी सजाय हुने । |
| गोपनीयता भंग गर्ने : यो ऐन वा अन्तर्गत बनेका नियमहरूबाट प्रदान भएको अधिकार बमोजिम कुनै सामग्रीमा पहुँच प्राप्त गरेको व्यक्तिले अनधिकृत व्यक्तिलाई दिएमा वा सूचनाको गोपनीयता भंग गरेमा वा भंग गर्न लगाएमा | एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय |
| झुट्टा व्यहोराको सूचना दिने : कुनै व्यक्तिले प्रमाणीकरण गर्ने निकायको इजाजत प्राप्त गर्ने वा अन्य कुनै मनसायले डिजिटल हस्ताक्षर प्रमाणपत्र प्राप्त गर्ने वा अन्य कुनै मनसायले नियन्त्रक वा प्रमाणीकरण गर्ने निकाय समक्ष कुनै व्यहोरा लुकाएमा वा ढाँटेमा वा झुट्टा व्यहोरा पेश वा दाखिला गरेमा | एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय |
| झुट्टा इजाजतपत्र वा प्रमाणपत्र पेश गर्ने वा देखाउने: नियन्त्रकबाट इजाजत नलिई प्रमाणीकरण गर्ने निकायको रूपमा कार्य गरेमा, र त्यस्तो इजाजतपत्र प्राप्त नभई प्राप्त भएको छ भनि झुट्टा व्यहोरा वा इजाजत पत्र प्रकाशन गरेमा वा प्रमाणीकरण गर्ने कार्य गरिनसकेको अवस्थामा | एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय र एक लाख रुपैयाँसम्म जरिवाना |

Question Bank Nepal

| | |
|---|---|
| तोकिएको विवरण वा कागजात दाखिला नगर्ने : ऐन वा अन्तर्गत बनेका नियमबमोजिम नियन्त्रक वा प्रमाणीकरण गर्ने निकाय समक्ष पेश गर्नुपर्ने विवरण, कागजात वा प्रतिवेदन दाखिला गर्नुपर्ने म्यादभित्र दाखिला नगरेमा वा सुरक्षित र रितपूर्वक राख्नुपर्ने अभिलेख नराखेमा | पचास हजार रुपैयाँसम्म जरिबाना |
| कम्प्युटर जालसाजी गर्ने : जालसाजी गर्ने वा अन्य कुनै गैरकानुनी कार्य गर्ने उद्देश्यले मिलेमतो वा जालसाजी गरी लाभ उठाएमा | उठाएको आर्थिक लाभको बिगो कायम गरी कसुरदारबाट बिगो भराई एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय |
| कम्प्युटर सम्बन्धी कसुर गर्न दुरुत्साहन गरेमा | कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय |
| माथि उल्लिखित कसुरका मतियारलाई | कसुर गर्ने व्यक्तिलाई भएको सजायको आधा सजाय |
| कसैले नेपाल बाहिर बसेर गरेको यो ऐन बमोजिम सयाज हुने कसुर गरेमा वा कुनै संगठित संस्थाले कसुर गरेमा वा यो ऐन वा ऐन अन्तर्गत बनेको नियम उल्लंघन भएमा | यसै ऐनबमोजिम सयाज कसुरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय |

**(१३) विद्युतीय कारोवार ऐनले परिभाषित गरेका कम्प्युटर सम्बन्धी कसुरको शुरु कारवाही र किनारा गर्न गठन हुने सूचना प्रविधि न्यायाधिकरण सम्बन्धमा उल्लेख गर्नुहोस् ।**

विद्युतीय कारोवार ऐनले कम्प्युटर सम्बन्धी कसुर भनि उल्लेख गरेका कसुरहरूको शुरु कारबाही र किनारा गर्न कानून सदस्य, सूचना प्रविधि सदस्य र वाणिज्य सदस्य भएको तीन सदस्यीय सूचना प्रविधि न्यायाधिकरणको गठन नेपाल सरकारले गर्ने व्यवस्था गरेको छ जसको अध्यक्ष कानून सदस्य हुने व्यवस्था गरको छ । यस्का सदस्यहरूको पदावधि ५ वर्षको हुने तथा निजहरूको पुनर्नियुक्ति हुन सक्ने व्यवस्था पनि गरिएको छ । सदस्यहरूको पदरिक्त हुन सक्ने प्रावधान समेत यस ऐनमा राखिएको छ । सो न्याधिकरणले तोकिए बमोजिम अधिकारक्षेत्रको प्रयोग गर्ने व्यवस्था छ । यसले गरेको आदेश वा निर्णय उपर पैतिस दिनभित्र पुनरावेदन न्यायाधीकरण समक्ष पुनरावेदन लाग्न सक्ने व्यवस्था पनि रहेको छ । न्यायाधिकरणको कार्य सम्पादनका लागि नेपाल सरकारले



Question Bank Nepal

आवश्यक कर्मचारी उपलब्ध गराउने व्यवस्था छ । न्यायाधिकरणमा तोकिने सदस्यको योग्यता निम्नानुसारको रहेको छ :

- कानुन सदस्य : सूचना प्रविधि सम्बन्धी विषयमा ज्ञान भई जिल्ला अदालतको न्यायाधीश भइरहेको, भइसकेको वा हुन योग्यता पुगेको
- सूचना प्रविधि सदस्य : कम्प्युटर विज्ञान वा सूचना प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर भई विद्युतीय कारोबार, सूचना प्रविधि वा विद्युतीय सञ्चारको क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभवप्राप्त नेपाली नागरिक
- वाणिज्य सदस्य : व्यवस्थापन वा वाणिज्यशास्त्रमा कम्तीमा स्नातकोत्तर भई विद्युतीय कारोबारको क्षेत्रमा विशेषज्ञता हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभवप्राप्त नेपाली नागरिक

**(१४) यस ऐनले गरेको व्यवस्था अनुसार सूचना प्रविधि पुनरावेदन न्यायाधिकरण सम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् ।**

सूचना प्रविधि न्यायाधिकरणले गरेको निर्णय वा आदेश उपर र नियन्त्रक वा प्रमाणीकरण गर्ने निकायले गरेको निर्णय वा आदेश उपर पुनरावेदन सुन्न कानून सदस्य, सूचना प्रविधि सदस्य र वाणिज्य सदस्य भएको तीन सदस्यीय सूचना प्रविधि पुनरावेदन न्यायाधिकरणको नेपाल सरकारले गठन गर्ने व्यवस्था छ । यसमा पनि सूचना प्रविधि न्यायाधिकरणको जस्तै कानुन सदस्य अध्यक्ष हुने, सदस्यहरूको पदावधि पाँच वर्षको हुने, सदस्यहरूको पदमुक्ति सम्बन्धी व्यवस्था तथा नेपाल सरकारले आवश्यक कर्मचारी उपलब्ध गराउने जस्ता व्यवस्था रहेका छन् ।

**(१५) विद्युतीय कारोवा ऐन लागू नहुने विषयहरू उल्लेख गर्नुहोस् ।**

विद्युतीय कारोवार ऐनको दफा ७७ अनुसार यो ऐन निम्न विषय र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी थपघट गरेको अवस्थामा लागू हुँदैन :

(क) विनिमेय अधिकारपत्र ऐन, २०३४ मा उल्लेख भए बमोजिमका विनिमेय अधिकारपत्रहरू,
(ख) बकसपत्र, राजीनामा, बन्धकी, कबुलियतपत्र, बण्डापत्र वा त्यस्तै प्रकृतिका अचल सम्पत्तिको हक हस्तान्तरण गर्ने लिखतहरू,
(ग) अचल सम्पत्ति उपर हक वा स्वामित्व जनाउने अन्य कुनै लिखतहरू,
(घ) वारेसनामा, फिरादपत्र, प्रतिउत्तरपत्र वा त्यस्तै अन्य प्रकारका अदालती कारबाहीमा प्रयोग हुने लिखतहरू,
(ङ) दावीपत्र, प्रतिदावीपत्र, प्रतिवादपत्र वा मध्यस्थताको कारबाहीमा लिखित रूपमा पेश गर्नुपर्ने अन्य त्यस्तै लिखतहरू,
(च) प्रचलित कानूनले विद्युतीय स्वरूपमा राख्न नहुने भनी तोकेका लिखतहरू ।

Question Bank Nepal

# (९) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९

**(१) विदेशी विनियमय (नियमित गर्ने) ऐन, २०१९ किन जारी भएको हो ? यो कसलाई लागू हुन्छ ?**

यो ऐन विदेशी विनिमय सम्बन्धी कारोवारलाई अझ बढी मात्रामा नियमित गर्दै सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न जारी भएको हो । यो ऐन २०१९।१२।३० मा लागू भएको हो जुन नेपालभर र नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल अधिराज्य बाहिर रहेका फर्म, कम्पनी, संस्था तथा त्यस्ता फर्म, कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरू समेतलाई लागू हुन्छ ।

**(२) यस ऐनले विदेशी विनिमयलाई कसरी परिभाषित गरेको छ ?**

विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेका चेक, ड्राफ्ट, ट्राभलर्स चेक, इलेक्ट्रोनिक फण्ड ट्रान्सफर, क्रेडिटकार्ड, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र सम्झनुपर्छ र सो शब्दले नेपाल राष्ट्र बैंकले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य जुनसुकै मौद्रिक उपकरण समेतलाई विदेशी विनिमयका रूपमा परिभाषित गरेको छ । यस्तै विदेशी विनियम कारोवार भन्नाले विदेशी विनिमय खरिद बिक्री गर्ने, ऋण लिने, दिने वा अन्य कुनै तरिकाले विदेशी विनिमय लिने, दिने कार्यका साथै विदेशी विनिमय सटही स्वीकृति दिने कार्य समेतलाई जनाउँछ ।

**(३) यस ऐन अनुसार विदेशी विनिमय कारोवार गर्ने इजाजत पत्र र सो को पालना नगर्ने उपर हुने कारवाही सम्बन्धी व्यवस्था उल्लेख गर्नुहोस् ।**

ऐनको दफा ३ ले विदेशी विनिमय कारोबार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र लिनु पर्छ । इजाजत पत्रका लागि दरखास्त पर्न आएमा निर्धारित मापदण्डको आधारमा नेपाल राष्ट्र बैंकले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा सम्वन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र दिन सक्छ । यसरी बैंकले इजाजतपत्र दिंदा कारोबार गर्ने विदेशी विनिमयको किसिम, हद, कारोबार गर्न पाउने अवधि र अन्य आवश्यक शर्तहरू समेत तोकिदिन सक्छ । विदेशी विनिमय कारोबार नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा इजाजतपत्र प्राप्त व्यक्तिलाई समयसमयमा आवश्यक आदेश वा निर्देशन दिन सक्छ । इजाजतपत्र प्राप्त गर्नेले बैंकले तोकिदिए बमोजिम वार्षिक शुल्क र धरौटी बैङ्कमा बुझाउनु पर्नेछ । यसरी तोकिएको वार्षिक शुल्क वा धरौटी नबुझाउनेको इजाजतपत्र रद्द वा निलम्बन हुन सक्छ । कसैले पटके इजाजतपत्र माग गरेमा आएमा नेपाल राष्ट्र बैंकले पटके इजाजतपत्र पनि दिन सक्छ ।



Question Bank Nepal

यसरी विदेशी विनियम कारोवार गर्न इजाजतपत्र प्राप्त व्यक्तिले बैङ्कले यो ऐन बमोजिम दिएको आदेश वा निर्देशनको पालना नगरेमा नेपाल राष्ट्र बैङ्कले त्यस्तो इजाजतपत्र प्राप्त व्यक्तिलाई सफाई पेश गर्ने उचित अवसर प्रदान गरी देहायका कुनै वा सबै कारबाही गर्न सक्छ :-

(क) नसिहत दिन,

(ख) विदेशी विनिमयको कुनै वा सबै कारोबारमा प्रतिबन्ध लगाउन,

(ग) बैङ्कमा रहेको नगद धरौटी जफत गर्न वा जमानतबाट असुल गर्न,

(घ) इजाजतपत्र निलम्बन वा रद्द गर्न ।

**(४) यस ऐनले विदेशी विनिमय कारोबारका सम्बन्धमा कस्तो प्रक्रिया निर्धारण गरेको छ ?**

यस ऐनले गरेको व्यवस्था अनुसार विदेशी विनिमयको प्रक्रिया निम्नानुसार छ :

- नेपाल राष्ट्र बैङ्कको स्वीकृति बेगर इजाजतपत्र प्राप्त व्यक्तिसँग बाहेक अरुसँग विदेशी विनिमय कारोबार नहुने ।
- नेपाल राष्ट्र बैङ्क ले तोकिदिएको सटही दरमा फरक पारी नेपाली वा विदेशी मुद्रा लिने दिने गरी विदेशी विनिमयको कारोबार गर्नु नहुँने ।
- कुनै व्यक्तिले कुनै खास उद्देश्यका लागि वा कुनै शर्तमा विदेशी विनिमय प्राप्त गरेको भए सोही शर्त वा उद्देश्यमा मात्र प्रयोग गर्नुपर्ने । सम्वन्धित काममा लगाउन नसकिने भएमा वा सो शर्त पूरा गर्न नसकिने भएमा इजाजतपत्र प्राप्त व्यक्ति वा बैंङ्कलाई निर्धारित दरमा बिक्री गर्नु पर्ने ।
- नेपाली नागरिकले प्राप्त गरेको विदेशी विनिमयका सम्बन्धमा बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुने ।
- नेपाली नागरिकले विदेशमा रहँदा बस्दाको अवधिसम्म आर्जन गरेको विदेशी विनिमय वा सो विदेशी विनिमयबाट गरेको लगानी नेपाल फर्किसकेपछि पनि विदेशमै राख्न वा सोको लगानी विदेशमा नै गर्न चाहेमा सो कुराको जानकारी नेपाल राष्ट्र बैंङ्कई दिई विदेशमा राख्न वा सोको लगानी विदेशमा गर्न सक्ने ।
- नेपालमा रहेका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै विदेशी व्यक्ति, फर्म कम्पनी वा संस्थालाई कुनै वस्तु बिक्री वा सेवा प्रदान गरे बापतको भुक्तानी लिंदा नेपाल राष्ट्र बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी अन्यथा व्यवस्था गरेकोमा बाहेक परिवर्त्य विदेशी मुद्रामा लिनु पर्ने ।
- नेपाल राष्ट्र बैंङ्कबाट इजाजतपत्र नलिई कुनै खास किसिमको नेपाली मुद्रा वा विदेशी मुद्रा नेपालको सबै वा कुनै खास इलाकाभित्र ल्याउन वा पठाउन नपाउने गरी नेपाल सरकारले आदेश जारी गरेमा त्यस्तो आदेश बमोजिम मात्रै विदेशी विनिमय कारोवार गर्नुपर्ने

Question Bank Nepal

- नेपाल सरकारले सूचना प्रकाशन गरी तोकेको अवस्थामा बाहेक कुनै व्यक्ति, फर्म कम्पनी वा संस्थाले बैङ्कबाट इजाजतपत्र नलिई नेपाली मुद्रा वा इजाजतपत्र प्राप्त व्यक्तिबाट प्राप्त गरेको बाहेक अरु विदेशी विनिमय नेपाल अधिराज्यको कुनै इलाकाबाट बाहिर लिएर जान वा पठाउन नहुँने ।
- विदेशी विनिमयका धनी नेपाली नागरिकको स्वामीत्वमा रहेको विदेशी विनिमय नेपाल सरकारले सूचना प्रकाशन गरी बिक्री गराउन वा दाखिल गर्न गराउन सक्ने, जसअनुसार त्यस्तो व्यक्तिले निर्धारित दरमा हुन आउने मूल्य लिई त्यस्तो अधिकार नामसारी गरिदिनु पर्ने व्यवस्था गर्न सक्ने ।

**(५) विदेशी विनिमय (नियमित गर्ने) ऐनले विदेशी विनिमयमा भुक्तानी हुने गरी कुनै प्रकारको मालसमान पैठारी गर्ने पैठारीकर्ताको दायित्व के कस्तो तोकिएको छ ?**

यस ऐनले विदेशी विनिमयमा भुक्तानी हुने गरी कुनै पनि व्यक्ति फर्म, कम्पनी वा संस्थाले नेपालभित्र प्रतीतपत्र खोली वा अन्य कुनै प्रकारले कुनैं मालसामान पैठारी गर्दा पैठारीकर्ताको निम्नानुसारको दायित्व रहन्छ :

- बैंङ्क ले तोकिदिएको समयभित्र त्यस्तो मालसामानको पैठारी गरी बैंङ्कले तोकिदिए बमोजिमको कागजात बैंङ्क समक्ष पेश गर्नु पर्ने ।
- पैठारीको लागि भुक्तानी गर्ने विदेशी विनिमयको प्रकार र प्रक्रिया नेपाल राष्ट्र बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम अवलम्बन गर्नुपर्ने ।
- नेपाल राष्ट्र बैंङ्कको पूर्व स्वीकृति लिएको अवस्थामा बाहेक पैठारीकर्ताले प्रतीतपत्रमा घोषणा गरे बमोजिमकै मालसामान सोही मूल्य र परिमाण बमोजिम नै पैठारी गर्नु पर्ने
- प्रतीतपत्रको शर्त विपरित कुनै प्रकारले विदेशी मुद्राको हिनामिंना वा अपचलन भएमा जमानी बस्ने वा सो सम्वन्धी कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न हुने व्यक्ति, फर्म, कम्पंनी वा संस्था उपर समेत यो ऐन बमोजिम सजाय हुने ।
- ज्ञान तथा सूचनामूलक प्रविधिको पैठारी र सोको भुक्तानी गर्ने प्रक्रिया नेपाल राष्ट्र बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुने ।
- पैठारीकर्ताले सही विजकीकरण गर्नु पर्ने ।

**(६) यस ऐनले निकासी गरिएको माल सामानको मूल्यको भुक्तानी के कसरी प्राप्त हुने व्यवस्था गरेको छ ?**

यस ऐनले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल बाहिरका कुनै ठाउँमा सो सूचनामा खुलाए बमोजिमका माल सामानहरू निकासी गर्न निषेध गर्न सक्छ । यसका लागि सरकारले राष्ट्र बैंङ्क सँग परामर्श गरी आवश्यक नियम बनाउन वा



Question Bank Nepal

निर्देश वा आदेश जारी गर्न सक्छ । निकासी गर्न निषेध गरिएका बाहेकका मालसामान वा वस्तुहरू निकासीकर्ताले बैंङ्क ले तोकेको निकासी प्रज्ञापन पत्रमा उल्लेखित विवरणहरू भरी उक्त प्रज्ञापनपत्रमा घोषित मूल्य बैंङ्क द्वारा स्वीकृत विदेशी विनिमयमा तोकिएको अवधिभित्र भुक्तानी ल्याउँछु भनी भंसार अधिकृतसमक्ष घोषणा गरेर निकासी गर्न सक्ने व्यवस्था रहेको छ । यस अनुसार निकासी गरिएको मालसामानको भुक्तानी प्राप्त गर्नु अघि प्रज्ञापनपत्रमा घोषित मूल्य भन्दा कम वा बढी मूल्य भुक्तानी हुने अवस्था परेमा निकासीकर्ताले सो कुराको प्रमाण सहित बैंङ्क समक्ष आवेदन गरी बैंङ्क को स्वीकृति लिई भुक्तानी प्राप्त गर्नु पर्ने व्यवस्था गरेको छ । यस अनुसार तोकिएको अवधिभित्र निकासीकर्ताले निकासी गरेको मालसामानको मूल्य भुक्तानी प्राप्त नगरेमा निजले यो ऐनको उल्लङ्घन गरेको मानिन्छ । तर तोकिएको अवधिभित्र भुक्तानी ल्याउन नसकेको कारण खोली प्रमाण सहित बैंङ्क मा निवेदन गरेमा बैंङ्क ले पुन: अवधि थप गरी दिन सक्छ । प्रज्ञापनपत्रमा घोषित मूल्य तोकिएको अवधीभित्र तोकिएको तरीकाले भुक्तानी हुने व्यहोरा बैंङ्क ले प्रमाणित गराउन चाहेमा निकासीकर्ताबाट निजले विदेशी क्रेतासँग गरेको यस सम्बन्धी सम्झौतापत्र तथा अन्य प्रमाण पेश गर्न लगाउन सक्छ । यस्तै बैंङ्क ले निकासी गरिएको पूरा मूल्य भुक्तानी प्राप्त हुने व्यवस्था गर्ने सम्बन्धमा प्रतितपत्रमार्फत वा बैंङ्कले तोकेको अन्य तरिकामार्फत हुने व्यवस्था गर्न सक्छ । तर ज्ञान तथा सूचनामूलक प्रविधिको निकासी र सोको भुक्तानी प्राप्त गर्ने प्रक्रिया बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुने व्यवस्था रहेको छ । निकासीकर्ताले विदेशी विनिमयका सन्दर्भमा निम्न कामहरू गर्न नहुने समेत ऐनमा स्पष्ट व्यवस्था रहेको छ ।

- तोकिएको तरिका बाहेक अरु तरिकाबाट निकासी भएका मालसामानको भुक्तानी प्राप्त गर्ने,
- तोकिएको अवधिभन्दा ढिलाइ हुने गरी निकासी भएका मालसामानको भुक्तानी लिने व्यवस्था गर्ने,
- निकासी भएको मालसामानको पूरा मूल्यको भुक्तानी प्राप्त नगर्ने कुनै काम गर्ने,
- सही विजकीकरण नहुने काम वा त्यस्तो कामसँग सम्बन्धित अन्य कुनै काम गर्ने,

**(७) विदेशी विनिमय नियन्त्रणका सम्बन्धमा के कस्तो नियन्त्रणात्मक व्यवस्था गरिएको छ ?**

- नेपाल राष्ट्र बैंङ्क ले तोकिदिएको व्यवस्था बमोजिम बाहेक नेपालमा बसोवास गर्ने कुनै पनि व्यक्तिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले नेपाल बाहिर बसोबास गर्ने कुनै व्यक्तिलाई कुनै तरीकाले कुनै किसिमको भुक्तानी दिन, त्यस्तो व्यक्तिको पक्षमा भुक्तानी पाउने अधिकार सिर्जना हुने वा हस्तान्तरण हुने गरी कुनै विनिमयपत्र वा प्रतिज्ञापत्र खिच्न, स्वीकार गर्न वा नेगोसियट गर्न वा कुनै ऋण स्वीकार गर्न, वा त्यस्तो व्यक्तिको आदेशले वा निजको तर्फबाट कुनै व्यक्तिलाई कुनै किसिमको भुक्तानी दिन नहुने ।



Question Bank Nepal

- बैंङ्कले तोकिदिएको व्यवस्था बमोजिम बाहेक कुनै व्यक्तिले नेपाल बाहिरको कुनै स्थानमा कुनै धितोपत्र निकासी गर्न, नामसारी गर्न, आर्जन, भोगचलन वा नियन्त्रणम राख्न दिन नपाउने
- प्रचलित कानून बमोजिम कुनै व्यक्तिले विदेशमा लगानी गर्दा वा विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्दा बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम बाहेक गर्न नहुने,
- प्रचलित कानूनले व्यवस्था गरेको र बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको व्यवस्था बमोजिम बाहेक कसैले पनि विदेशी विनिमयमा ऋण लिन दिन नहुँने ।

**(८) विदेशी विनिमय (नियन्त्रण) ऐनले विदेशी विनिमय फिर्ता लैजाने, लगानी गर्ने र हक हस्तान्तरण गर्ने सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ ? उल्लेख गर्नुहोस् ।**

ऐनले यस सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

- प्रचलित कानून बमोजिम धितोपत्रमा लगानी गर्न स्वीकृति पाएका विदेशी लगानीकर्ताले बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको प्रक्रिया बमोजिम धितोपत्रमा गरेको लगानी र सो वापत प्राप्त लाभ वा लाभांश र ऋण वा ऋण सुविधाको रूपमा गरेको लगानी र सोको ब्याज रकम विदेशी मुद्रामा नेपाल बाहिर लैजान वा पठाउन पाउने व्यवस्था रहेको छ । नेपाल बाहिर बसोबास गर्ने नेपाली नागरिकले नेपालभित्र विदेशी विनिमयमा लगानी गर्न स्वीकृति पाएमा पनि यस्तो सुविधा पाउँछ ।
- सूचीकरण भएको धितोपत्रको हकमा धितोपत्र विनिमय बजारमा कारोबार भए बमोजिमको मूल्यले हुने रकम र सूचीकरण नभएको धितोपत्रको हकमा बैंङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको प्रक्रिया बमोजिम निर्धारण गरिएको सम्बन्धित संस्थाको सम्पत्तिका आधारमा विदेशी विनिमयमा लैजान वा पठाउन पाउँछ ।
- प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर वा शुल्क विदेशी मुद्रामा भुक्तानी गरेमा कुनै विदेशी व्यक्ति फर्म, कम्पनी वा संस्थाले प्राप्त गरेको धितोपत्र कुनै अर्को विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई प्रचलित कानूनको रीत पुऱ्याई हक हस्तान्तरण गर्न सक्छ ।
- प्रचलित कानून बमोजिम विदेशी लगातीकर्ताले गरेको प्रविधि हस्तान्तरण सम्झौतामा उल्लेख भए बमोजिम प्राविधि शुल्क, रोयल्टी आदि बापतको रकम विदेशमा लैजान वा पठाउन पाउँछ ।
- नेपालमा कार्यरत इजाजपत्र प्राप्त विदेशी वायु सेवा, निजका एजेण्ट वा त्यस्तो कार्य गर्न अधिकृत गरिएका नेपाली व्यक्ति, फर्म कम्पनी वा संस्थाले नेपालमा



Question Bank Nepal

विक्री गरेको हवाई टिकट तथा कार्गो बापतको रिप्याट्रिएशन लैजाने वा पठाउने प्रक्रियाका सम्बन्धमा बैंकले सार्वजनिक सूचना प्रकाशन र प्रशासण गरी तोकिदिए बमोजिम हुन्छ ।

- तर नेपाली मुद्रामा लगानी गरी विदेशी मुद्रा आर्जन नगर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यसबमोजिम विदेशी मुद्रामा भुक्तानी लिन दिन पाउँदनन् ।

(९) **विदेशी विनिमयको सम्बन्धी विषयमा अनुसन्धान वा छानवीनको के कस्तो व्यवस्था ऐनले गरेको छ ? उल्लेख गर्नुहोस् ।**

- यो ऐनको उद्देश्य पूरा गर्नको लागि नेपाल सरकार वा राष्ट्र बैंकले कुनै व्यक्तिको कुनै विवरण, खाता वा लिखत प्राप्त गर्न वा जाँच्न त्यस्तो विवरण खाता वा लिखत नेपाल सरकार वा बैंकमा पेश गर्न वा प्राप्त गरी पेश गर्न आदेश दिन सक्छ ।
- यस ऐन अन्तर्गतका कसूर सम्बन्धमा जाँचबुझ र अनुसन्धान गर्नको लागि नेपाल सरकारले अनुसन्धान अधिकारी तोक्न सक्छ ।
- यस ऐन विपरीत कुनै व्यक्तिसँग कुनै विदेशी विनिमय छ भनी शंका गर्नुपर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धान अधिकारीको आदेशले त्यस्ता व्यक्तिको जिउको खान तलासी लिन सक्ने, खानतलासी लिँदा यस ऐन विपरीत कुनै विदेशी विनिमय वा सोसँग सम्बन्धित कुनै लिखत फेला परेमा त्यस्तो विदेशी विनिमय वा लिखत कब्जामा लिन सक्ने, र खानतलासी लिँदा फेला परेको विदेशी विनिमय वा सोसँग सम्बन्धित लिखतको विवरण तयार गराउनु पर्ने व्यवस्था रहेको छ ।
- अनुसन्धान अधिकारीको आदेशमा यो ऐन विपरीतको कार्यमा प्रयोग भएको सवारी साधनको जुनसुकै बेला वा ठाउँमा सवारीलाई रोकी त्यस्तो सवारीको कुनै पनि भाग र त्यस्मा रहेका माल सामानहरूको खानतलासी लिन वा जाँचबुझ गर्न सक्छ र त्यसरी खानतलासी लिँदा यस ऐन विपरीतको कुनै विदेशी विनिमय वा सोसँग सम्बन्धित कुनै लिखत फेला परेमा सो कब्जामा लिन सक्छ ।
- अनुसन्धान अधिकारीले यस ऐन विपरीत कुनै विदेशी विनिमय कुनै घर वा कारोवारको ठाउँमा लुकाएको वा राखिएको छ भनी विश्वास गर्नु पर्ने पर्याप्त कारण र आधार भएमा सो कुराको पर्चा खडा गरी उक्त घर वा कारोवारको ठाउँको खानतलासी लिन आदेश दिन सक्छ ।
- अनुसन्धान अधिकारीले कुनै व्यक्तिले यो ऐन वर्खिलाप गरी कुनै काम गरेको छ वा गर्न लागेको छ भनी शंका गर्नु पर्ने पर्याप्त कारण र आधार भएमा अनुसन्धान त्यस्तो व्यक्तिलाई जुनसुकै ठाउँमा पत्राउ गर्न आदेश दिन सक्छ ।



Question Bank Nepal